जिरी नगरपालिका

# स्थानीय राजपत्र

**जिरी नगर कार्यपालिकाबाट प्रकाशित**

खण्डः ९ संख्या १   २०८३ साल असार ०९ गते

## भाग - १

## जिरी नगरपालिका

## आर्थिक ऐन-२०८३

### आर्थिक वर्ष २०८३/०८४ को लागि स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने, तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बनेको

### ऐन,

**प्रस्तावना** : जिरी नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका लागि स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम जिरी नगरपालिकाको अठारौं नगर सभाले यो ऐन बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८३" रहेको छ।

(२) यो ऐन सम्वत २०८३ असार ९ गते देखि जिरी नगरपालिका क्षेत्रमा लागू हुनेछ

**२. सम्पति कर :** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गामा दफा ३ बमोजिम मालपोत लगाइनेछ।

**स्पष्टीकरण :** यस दफाको प्रयोजनको लागि "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गा समेत सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची (१) मा उल्लेख भएबमोजिम हुनेछ।

जिरी नगरपालिका, दोलखा

आ.ब.२०८३/०८४ को सम्पतिकर पहिलो चौमासकभित्र  बुझाएमा लाग्ने कर रकममा १० प्रतिशत छुट दिईनेछ। अघिल्लो आ.व.को बक्यौता सम्पत्ति कर चालु आ.व. को पहिलो चौमासिकभित्र बुझाएमा १० प्रतिशत मात्र जरिवाना लगाई असुल गरिनेछ। त्यसभन्दा पछि बुझाएमा २० प्रतिशत जरिवाना लाग्नेछ। विगत आ.ब.हरुको कर रकममा वार्षिक २० प्रतिशतका दरले जरिवाना लगाईने र असुल उपर गरिनेछ। तर आ.व. २०८३/०८४ को पहिलो चौमासिक अवधिभित्र बुझाउन बाँकी सबै बक्यौता रकम बुझाएमा जरिवाना पुरै छुट हुनेछ।

३. **मालपोत :** दफा (२) बमोजिम घर र सो ले चर्चेको जग्गा बाहेक बाँकी जग्गामा अनुसूची २ बमोजिमको दरमा मालपोत लगाई असुल गरिनेछ।

४. **घर जग्गा बहाल कर :** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा सो संरचना ब्यवसायिक प्रयोग भएको भए बहाल रकमको १०% र आवासीय रुपमा प्रयोग भएको भए बहाल रकमको ५% का दरले बहाल कर लगाई असुल गरिनेछ।

५. **व्यवसाय कर :** (१) नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा व्यवसायको प्रकृतिको आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम ब्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ। इजाजत प्राप्त व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी ब्यवसाय नविकरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय दर्ता दस्तुर तथा नवीकरण दस्तुर र ब्यवसाय करको दर ब्यापार, ब्यवसाय तथा सेवा संचालन गर्न लाग्ने लगानीको आधारमा अनुसूची (३) मा तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (२) बमोजिमको इजाजत विना नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न पाईने छैन।

(५) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक परेमा नगर कार्यपालिकाले कार्यविधि स्वीकृत गरी लागु गर्न सक्नेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर :** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन,खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापतअनसूची(४) बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तुकर लगाइने र असूल उपर गरिनेछ।

७. **विज्ञापन कर : (१)** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन,प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची(५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ।

(३) यस दफा बमोजिम नगरपालिकाले उठाएको विज्ञापन कर वापतको रकम प्रचलित कानून बमोजिम बागमती प्रदेश सरकारसँग बाँडफाँड गरिनेछ।

८. **बहाल विटौरी शुल्क :** (१) नगरपालिकाले आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा अनुसूची (६) बमोजिमको दरमा वहाल विटौरी शुल्क लगाउने र उठाउनेछ।

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थायी टहरा, छाप्रा वा पसल वा आवास,

(ग) नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल,

९. **सेवा शुल्क, दस्तुर :** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका वा हुने केवलकार, ट्रेकिङ्ग, प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ।

(२) नगरपालिकाले निर्माण वा सञ्चालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ:

(क) फोहोरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ख) शौचालय, पार्क, पौडी पोखरी, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शवदाहगृह र त्यस्तै अन्य सुविधा,

(ग) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

(घ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(ङ) नगरपालिका ले प्रदान गर्ने सिफारिश सम्बन्धी कुनै सेवा,

(३) नगरपालिका ले एफ.एम. रेडियो, “घ” बर्गको निर्माण व्यवसायी इजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल, स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमानिति, नविकरण तथा नियमन आदि सेवामा सेवा शुल्क दस्तुर तोकी लगाइनेर उठाइनेछ ।

(४) दफा (१), (२) र (३) बमोजिम लगाइने सेवा शुल्क, दस्तुरको दर अनुसूची (७) मा उल्लेख भएबमोजिम हुनेछ ।

१०. **विक्री तथा निकासी शुल्क :** (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलवाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरुको विक्री गर्न सक्नेछ।

व्यक्तिगत स्वामित्वमा रहेको जग्गाबाट ढुंगा, गिट्टी, बालुवा, माटो आदिको व्यावसायिक उत्पादन गरि गरिने विक्रि वितरण सम्बन्धमा कार्यपालिकाले कार्यविधि बनाई शुल्क लगाई असुल उपर गर्न र नियमन गर्न सक्नेछ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्रउत्पादन भै आफ्नो सिमाक्षेत्रभन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको वाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम नगरपालिकाले सङ्कलन गर्ने विक्री करको दर अनुसूची (८) मा तोकिए बमोजिम हुनेछ।

(४) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर प्रचलितकानून बमोजिम मूल्यांकन गराई विक्रि गर्न सक्नेछ।

(५) कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण तथा सामानहरु लिलाम विक्री गर्न सक्नेछ।

(६) कार्यपालिकाले नागरिकको सुविधाकोलागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा विक्री गर्न सक्नेछ ।

(७) उपदफा (१) बमोजिमका वस्तुहरु विक्री तथा उपदफा (२) बमोजिमको निकासी शुल्क असूलीका लागि विक्री तथा निकासीको परिमाण तथा दर निर्धारण गरी वोलपत्र, दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट समेत गर्न सकिनेछ ।

**११. नक्सापास दस्तुर :** (१) नगरक्षेत्रभित्र निर्माण गरिने भवनको नक्सापास दस्तुर अनुसूची (९) बमोजिम लगाईने र असुल उपर गरिनेछ ।

(२) नगरपालिका भित्रका गुम्बा, मन्दिर, मस्जिद, चर्च लगायतका धार्मिक, सांस्कृतिक तथा पुरातात्विक क्षेत्रलाई नक्सापास दस्तुरमा छुट हुनेछ ।

**१२. दण्ड जरिवाना :** (१) नगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा यस ऐनमा वा अन्य सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरीवाना सहित बक्यौता असुल गर्नेछ ।

(२) नगरपालिकालेउपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानुनमा तोकिए बमोजिम हुनेछ ।

**१३. कर छुट :** (१) दफा २ मा भएको व्यवस्था बाहेक वार्षिक रुपमा तिर्नुपर्ने राजश्व सोही आर्थिक वर्षको पहिलो चौमासिक भित्र र मासिक रुपमा तिर्नुपर्ने राजश्वको हकमा महिना समाप्त भएको सात दिनभित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने राजश्वको क्रमशः दश र पाँच प्रतिशत छुट दिइनेछ ।

(२) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई नगरसभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ ।

(३) कानूनमा ब्यवस्था भएको अवस्थामा वाहेक नगरपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन ।

तर स्थानीय आर्थिक कृयाकलापमा उल्लेखनीय योगदान पुर्याउने किसिमका उद्योग व्यबसायमा निश्चित अवधीसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन ।

**१४. प्रशासकीय पुनरावलोकन र पुनरावेदन :** (१) नगरपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले नगरपालिकामा प्रशासकीय पुनरावलोकनकोलागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निबेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्र्नेछ । यस्तो समितिमा कर निर्धारणमा सम्लग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहनेछैन ।

(३) उपदफा (१) बमोजिम पुनरालोकनकोलागि प्राप्त भएको निवेदन उपर पैतिस दिनभित्र छानविन तथा निर्णय गरी सम्वन्धित ब्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।

(४) नगरपालिकाले तोकिएको समयमा यस दफा बमोजिम प्रशासकीय पुनरावलोकन नगरेको कारणले करदालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा नगरपालिकाले त्यसको क्षतिपुर्ति दिनु पर्दछ ।

**१५. ठेक्का आह्वान गर्न सक्ने :** (१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्ष वा आवश्यकता अनुसार सो भन्दा बढिको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्नसक्नेछ ।

(२) यस दफा बमोजिमकोआय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यबस्था मिलाउनु पर्नेछ।

(३) नगरपालिकाले सामान्यतया आर्थिक वर्ष सुरु हुनुभन्दा अगावै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ।

**१६. सहयोग गर्नुपर्ने :** संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले नगरपालिकाको राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

**१७. साझेदारी गर्न सक्ने :** नगरपालिकाले संकलन गर्ने कर, सेवा शुल्क वा दस्तुर संकलन गर्न कुनै उपयुक्त सस्थासंग साझेदारी गर्दा संकलन कार्य प्रभावकारी र मितव्ययी हुँने देखिएमा कार्यपालिकाले निर्णय गरी कार्यविधि बनाई साझेदारीमा गर्न सक्नेछ।

**१८. कार्यविधि बनाउन सक्ने :** (१) यो ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नगरपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ।

(२) विभिन्न अनुसूचीमा उल्लेख भएको कर दस्तुर, सेवा शुल्क वा दण्ड जरिवाना आदीमा कुनै शीर्षक छुट्न गएको अवस्थामा कार्यपालिकाले निर्णय गरि त्यस्तो शीर्षक थप गर्न तथा कर, दस्तुर, सेवाशुल्क निर्धारण गरि असुल उपर गर्न सक्नेछ।

**१९. प्रचलित कानुन बमोजिम हुने :** यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका विषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

## अनुसुचि (१)

## (ऐनको दफा २ को उपदफा २ सँग सँम्बन्धित)

### १ .सम्पत्ति करको दर

| क्र.सं. | सम्पत्ति मूल्याङ्कनको विवरण | करको दर रु. |
|---|---|---|
| १ | रु. १ देखि रु. ३ लाखसम्म | ८०|- |
| २ | ३ लाख १ देखि रु. ५ लाखसम्म | १२०|- |
| ३ | रु. ५ लाख १ देखि रु. ८ लाखसम्म | २५०|- |
| ४ | रु. ८ लाख १ देखि रु. १० लाखसम्म | ३२०|- |
| ५ | रु. १० लाख १ देखि रु. १५ लाखसम्म | ४००|- |
| ६ | रु. १५ लाख १ देखि रु. २० लाखसम्म | ५००|- |
| ७ | रु. २० लाख १ देखि रु. २५ लाखसम्म | ७००|- |
| ८ | रु. २५ लाख १ देखि रु. ३५ लाखसम्म | १०००|- |
| ९ | रु. ३५ लाख १ देखि रु. ५० लाखसम्म | १५००|- |
| १० | रु. ५० लाख १ देखि रु. ७५ लाखसम्म | २५००|- |
| ११ | रु. ७५ लाख १ देखि रु. १ करोडसम्म | ३०००|- |
| १२ | रु. १ करोड १ देखि रु. १ करोड २५ लाखसम्म | ३८००|- |
| १३ | रु. १ करोड २५ लाख १ देखि रु. १ करोड ५० लाखसम्म | ६५००|- |
| १४ | रु. १ करोड ५० लाख १ देखि रु. १ करोड ७५ लाखसम्म | ७०००|- |
| १५ | रु. १ करोड ७५ लाख १ देखि रु. २ करोडसम्म | ११०००|– |
| १६ | रु. २ करोड १ देखि रु. २ करोड ५० लाखसम्म | १५०००|- |
| १७ | रु. २ करोड ५० लाख १ देखि रु. ३ करोडसम्म | २३५००|- |

| | | |
|---|---|---|
| १८ | रु. ३ करोड १ देखि रु. ४ करोडसम्म | २८०००।- |
| १९ | रु. ४ करोड १ देखि रु. ५ करोडसम्म | ३८०००।- |
| २० | रु. ५ करोड १ देखि माथि जति भए पनि प्रति हजार रु. ४ रुपैयाका दरले सम्पत्ति कर लाग्ने | |

## २. उल्लेखित बमोजिमको कर योग्य रकम गणना गर्दा देहायको मूल्यांकन दर अनुसार गरिनेछ ।

### क.सडकले छोएको क्षेत्र

| क्र.स | सडक क्षेत्र | देखि | सम्म | विवरण | मूल्याङ्कन (प्रति रोपनी) रु. |
|---|---|---|---|---|---|
| १ | लामोसाँगु – जिरी सडक | खावा डाँडा बजारक्षेत्र | | मुल सडकले छोएको कित्ता | १५ लाख |
| | | बजारक्षेत्र सकिएपछि | जेम एकेडेमी छुट्ने सडक | मुल सडकले छोएको कित्ता | ५लाख |
| | | जेम एकेडेमी छुट्ने सडक | सेराकाप्ती छुट्ने सडक | मुल सडकले छोएको कित्ता | २० लाख |
| | | सेराकाप्ती छुट्ने सडक | वडा न ६ को सिमाना | मुल सडकले छोएको कित्ता | १० लाख |
| | | वडा न ६ को सिमाना | लिंकन बसपार्क | मुल सडकले छोएको कित्ता | ६० लाख |
| | | | | मुल सडक बाट बौध स्तुपा ,झोलुङगे पुल र फ्रेण्डसिपको सभाहल | २० लाख |
| २ | जिरी - खिम्ती सडक | बस पार्क | खिम्ती खोला | मुल सडकले छोएको कित्ता | ३ लाख |
| ३ | जिरी माली - श्यामा सडक | डम्पिङ साइड | स्टोन पार्क | मुल सडकले छोएको कित्ता | कुथामे डाँडा सम्म ३ लाख र बाँकि २ लाख |
| ४ | खावा डाँडा लहरेमाने सडक | खावा डाँडा | चिपचिपे छुट्ने सडक | मुल सडकले छोएको कित्ता | १० लाख |
| | | चिपचिपे छुट्ने सडक | हाँवाको सिमाना | मुल सडकले छोएको कित्ता | ३ लाख |
| ५ | हाटडाँड पुरानो गाँउ सडक | हटडाँड | हाँवाको सिमाना | मुल सडकले छोएको कित्ता | ५ लाख |
| ६ | हाटडाँडा माथिल्लो सिक्री सडक | हाटडाँड | ठुकडाँडा | मुल सडकले छोएको कित्ता | ३ लाख |
| ७ | लिङकन सेराकाप्ती सडक | वडा न ५ को झोलुङगे पुल | आरन डाँडा | मुल सडकले छोएको कित्ता | १० लाख |
| | | आरन डाँडा | ल्होसा गुम्बा | मुल सडकले छोएको कित्ता | ७ लाख |
| ८ | हाटडाँडा बजार क्षेत्र | | | हाटडाँडा बजार क्षेत्र ३०० मी भित्र | १५ लाख |

जिरी नगरपालिका, दोलखा

**‘क’ मा उल्लेखित बाहेकका बाँकी क्षेत्र:**

| क्र.स. | ठेगाना | जग्गा | |
|---|---|---|---|
| | | क्षेत्र | मूल्याङ्कन (प्रति रोपनी) रु. |
| १ | जि न.पा. वडा नं. १ | आवादी / कृषि क्षेत्र | १ लाख |
| | | बाँझो / पाखावारी | ५० हजार |
| २ | जि न.पा. वडा नं. २ | आवादी / कृषि क्षेत्र | १ लाख |
| | | बाँझो / पाखावारी | ५० हजार |
| ३ | जि न.पा. वडा नं. ३ | आवादी / कृषि क्षेत्र | १ लाख |
| | | बाँझो / पाखावारी | ८० हजार |
| ४ | जि न.पा. वडा नं. ४ | आवादी / कृषि क्षेत्र | ३ लाख |
| | | बाँझो / पाखावारी | १ लाख |
| ५ | जि.न.पा वडा नं. ५ | जि .न.पा. वडा नं. ५ जिरी लामोसाँघु भन्दा बाहिरी झोलुङ्गेपुल, बौद्ध स्तुपा, फ्रेण्डसिप सभाहल सम्को | १० लाख |
| | | जि.न.पा. ५ जिरी झोलुङ्गेपुल देखि आरनडाँडा दुङ्गेसम्म | ५ लाख |
| | | आरनडाँडा देखि नाबोक, नारेक, ताक्पा, लोसासम्म | ५ लाख |
| | | बाँकी क्षेत्र | १५० हजारमा |
| ६ | जि न.पा. वडा नं. ६ | आवादी / कृषि क्षेत्र | ३ लाख |
| | | बाँझो / पाखावारी | १ लाख |
| ७ | जि न.पा. वडा नं. ७ | आवादी / कृषि क्षेत्र | ३ लाख |
| | | बाँझो / पाखावारी | १ लाख |
| ८ | जि न.पा. वडा नं. ८ | आवादी / कृषि क्षेत्र | २ लाख |
| | | बाँझो / पाखावारी | ८० हजार |
| ९ | जि न.पा. वडा नं. ९ | आवादी / कृषि क्षेत्र | २ लाख |
| | | बाँझो / पाखावारी | ८० हजार |

**सम्पत्ति कर संकलन प्रयोजनको लागि**

**ख .घरको मूल्याङ्कन :**

| क्र.स. | घरको वर्गीकरण / बनोट | दर (प्रति वर्गफिट) रु. |
|---|---|---|
| १ | काठ / जस्ताको बार र जस्ताको छानो | १००।– |
| 2 | ढुङ्गा माटोको गाह्रो र जस्ताको छानो | २५०।– |
| ३ | ढुङ्गा र सिमेन्ट जोडाइको गाह्रो र जस्ताको छानो | ३५०।– |
| ४ | ईटा र सिमेन्ट जोडाइको गाह्रो र जस्ताको छानो | ३५०।– |
| ५ | ब्लक जोडाइको गाह्रो र जस्ताको छानो | ३५०।– |

जिरी नगरपालिका, दोलखा

| | | |
|---|---|---|
| ६ | ढुङ्गा र सिमेन्ट जोडाइको गाह्रो र ढलान | ४००।– |
| ७ | ईटा र सिमेन्ट जोडाइको गाह्रो र ढलान | ४००।– |
| ८ | आर.सी.सी. फ्रेम स्ट्रक्चर र ढलान | ५००।– |
| **नोट : घरको क्षेत्रफल यकिन गर्दा प्रत्येक तलाहरूको क्षेत्रफल जोडेर जम्मा क्षेत्रफल निर्धारण गरिने छ।** | | |

**ग. सम्पत्ति कर प्रयोजनका लागि घरको मूल्याङ्कन गर्दा गरिने ह्रास कट्टी :** सम्पत्ति कर लगाउने प्रयोजनका लागि घरको मुल्याङ्कन गर्दा देहायबमोजिम ह्रास कट्टी गरिने छ।

| क्र.सं. | घरको वर्गीकरण/बनोट | प्रति वर्ष ह्रास कट्टी दर प्रतिशत |
|---|---|---|
| १ | काठ / जस्ताको बार र जस्ताको छानो | ३ |
| २ | ढुङ्गा माटोको गाह्रो र जस्ताको छानो | २ |
| ३ | ढुङ्गा र सिमेन्ट जोडाइको गाह्रो र जस्ताको छानो | १.५० |
| ४ | इटा र सिमेन्ट जोडाइको गाह्रो र जस्ताको छानो | १.५० |
| ५ | ब्लक जोडाइको गाह्रो र जस्ताको छानो | १.५० |
| ६ | ढुङ्गा र सिमेन्ट जोडाइको गाह्रो र ढलान | १.२५ |
| ७ | इटा र सिमेन्ट जोडाइको गाह्रो र ढलान | १.२५ |
| ८ | आर.सी.सी. फ्रेम स्ट्रक्चर र ढलान | १ |

## अनुसूची २
### (ऐनको दफा ३ संग सम्बन्धित)
### मालपोत

**१. मालपोत (मालपोतकर संकलनको आधार)**

**क.सडकले छोएको क्षेत्र**

| क्र.स | सडक क्षेत्र | देखि | सम्म | विवरण | मूल्याङ्कन (प्रति रोपनी) रू. |
|---|---|---|---|---|---|
| १ | लामोसाँगु – जिरी सडक | खावा डाँडा बजारक्षेत्र | | मुल सडकले छोएको कित्ता | २००।- |
| | | बजारक्षेत्र सकिएपछि | जेम एकेडेमी छुट्ने सडक | मुल सडकले छोएको कित्ता | १००।- |
| | | जेम एकेडेमी छुट्ने सडक | सेराकाप्ती छुट्ने सडक | मुल सडकले छोएको कित्ता | ३००।- |
| | | सेराकाप्ती छुट्ने सडक | वडा न ६ को सिमाना | मुल सडकले छोएको कित्ता | २००।- |
| | | वडा न ६ को सिमाना | लिंकन बसपार्क | मुल सडकले छोएको कित्ता | २,०००।- |
| | | | | मुल सडक बाट बौध स्तुपा ,झोलुङगे पुल र फ्रेण्डसिपको सभाहल | ३००।- |
| २ | जिरी - खिम्ती सडक | बस पार्क | खिम्ती खोला | मुल सडकले छोएको कित्ता | १००।- |
| ३ | जिरी माली - श्यामा सडक | डम्पिङ साइड | स्टोन पार्क | मुल सडकले छोएको कित्ता | वडा नं. ४ मा पर्ने जगाको ९०।- |

जिरी नगरपालिका, दोलखा

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | वडा नं. १,२,३ मा पर्ने जाग्गाको ७०।- |
| ४ | खावा डाँडा लहरेमाने सडक | खावा डाँडा | चिपचिपे छुट्ने सडक | मुल सडकले छोएको कित्ता | ८०।- |
| | | चिपचिपे छुट्ने सडक | हाँवाको सिमाना | मुल सडकले छोएको कित्ता | ६०।- |
| ५ | हाटडाँड पुरानो गाँउ सडक | हटडाँड | हाँवाको सिमाना | मुल सडकले छोएको कित्ता | वडा नं. ७ मा पर्ने जग्गाको १००।- |
| | | | | | वडना न् ८ र ९ मा पर्ने जग्गाको ८०।- |
| ६ | हाटडाँडा माथिल्लो सिक्री सडक | हाटडाँड | ठुकडाँडा | मुल सडकले छोएको कित्ता | ९०।- |
| ७ | लिङकन सेराकाप्ती सडक | वडा न ५ को झोलुङगे पुल | आरन डाँडा | मुल सडकले छोएको कित्ता | १२०।- |
| | | आरन डाँडा | ल्होसा गुम्बा | मुल सडकले छोएको कित्ता | ११०।- |
| ८ | हाटडाँडा बजार क्षेत्र | | | हाटडाँडा बजार क्षेत्र ३०० मी भित्र | २००।- |

**१ 'क' मा उल्लेखित बाहेकका बाँकी क्षेत्र:**

| क्र.स. | ठेगाना | | जग्गा | |
|---|---|---|---|---|
| | | | क्षेत्र | मालपोत दर (प्रति रोपनी) रु. |
| १ | जि न. पा वडा नं. १ | | आवादी / कृषि क्षेत्र | २० ।- |
| | | | बाँझो / पाखावारी | १५ ।- |
| २ | जि न. पा वडा नं. २ | | आवादी / कृषि क्षेत्र | २० ।- |
| | | | बाँझो / पाखावारी | १५ ।- |
| ३ | जि न. पा वडा नं. ३ | | आवादी / कृषि क्षेत्र | २५ ।- |
| | | | बाँझो / पाखावारी | २० ।- |
| ४ | जि न. पा वडा नं. ४ | | आवादी / कृषि क्षेत्र | ५० ।- |
| | | | बाँझो / पाखावारी | ३० ।- |
| ५ | जि.न.पा वडा नं. ५ | जि .न.पा. वडा नं. ५ जिरी लामोसाँघु भन्दा बाहिरी झोलुङ्गेपुल, बौद्ध स्तुपा, फ्रेण्डसिप सभाहल सम्को | आवादी / कृषि क्षेत्र | १००० ।- |
| | | जि.न.पा. ५ जिरी झोलुङ्गेपुल देखि आरनडाँडा दुड्गेसम्म | आवादी / कृषि क्षेत्र | २०० ।- |
| | | आरनडाँडा देखि नाबोक, नारेक, ताक्पा, लोसासम्म | आवादी / कृषि क्षेत्र | १५० ।- |
| | | बाँकी क्षेत्र | बाँझो / पाखावारी | ५० ।- |
| ६ | जि न. पा वडा नं. ६ | | आवादी / कृषि क्षेत्र | ८० ।- |
| | | | बाँझो / पाखावारी | ३० ।- |
| ७ | जि न. पा वडा नं. ७ | | आवादी / कृषि क्षेत्र | ५० ।- |
| | | | बाँझो / पाखावारी | ३० ।- |
| ८ | जि न. पा वडा नं. ८ | | आवादी / कृषि क्षेत्र | २० ।- |
| | | | बाँझो / पाखावारी | १५ ।- |
| ९ | जि न. पा वडा नं. ९ | | आवादी / कृषि क्षेत्र | २० ।- |
| | | | बाँझो / पाखावारी | १५ ।- |

## अनुसुचि (३)
## (ऐनको दफा ५ उपदफा ३ सँग सम्बन्धित)
## व्यवासाय कर

**क. व्यवसाय करको विवरण र दर :**

| क्र.स. | व्यवसायको विवरण | कर दस्तुर रु | | |
|---|---|---|---|---|
| | | दर्ता | नविकरण | व्यवसाय कर |
| १ | **चुरोट र रक्सी** | | | |
| | क) डिलर | ५०००।- | १००० | ३००० |
| | ख) थोक बिक्रेता | २२००।- | ५०० | १५०० |
| | ग) खुद्रा बिक्रेता | १५००।- | २५० | १००० |
| २ | **ज्वेलरी** | | | |
| | क) सबै खाले गहना निर्माण तथा विक्री गर्ने | ३०००।- | ५०० | २००० |
| ३ | **कम्प्युटर, क्यामेरा, टेलिभिजन, रेडियो, मोबाइल, विद्युतीय सामान लगायतका इलेक्ट्रोनिक्स र इलेक्ट्रिकल सामग्री** | | | |
| | क) डिलर | ५०००।- | १००० | ३००० |
| | ख) थोक बिक्रेता | ३०००।- | ५०० | २००० |
| | ग) खुद्रा बिक्रेता | २२५०।- | ३५० | १५०० |
| ४ | **निर्माण सामाग्री सप्लायर्स तथा हर्डवयर पसल** | | | |
| | क) डिलर | १५०००।- | २००० | १०००० |
| | ख) थोक | १०५००।- | २००० | ७००० |
| | ग) खुद्रा | ७५००।- | १००० | ५००० |
| ५ | **फर्निचर तथा फर्निसिङ सामग्री** | | | |
| | क) डिलर | १६०००।- | २५०० | १०००० |
| | ख) थोक बिक्रेता | ८५०० | १५०० | ५५०० |
| | ग) खुद्रा बिक्रेता | ६००० | १००० | ४००० |
| ६ | **पेट्रोलियम पदार्थ (पेट्रोल, डिजल, मट्टितेल र ग्यास)** | | | |
| | क) डिपो/डिलर/पेट्रोल पम्प | ३००० | ५०० | २००० |
| ७ | **पेन्टर / रङ्ग** | | | |
| | क) डिलर | ५००० | १५०० | २००० |
| | ख) थोक बिक्रेता | ३५०० | १००० | १५०० |
| | ग) खुद्रा बिक्रेता | ३००० | ५०० | २००० |
| ८ | **दैनिक उपभोगका खाद्य पदार्थ (तरकारी, फलफुल, जुस र कोक फ्यान्टा, ... समेत)** | | | |
| | क) थोक बिक्रेता | ३५०० | १००० | १५०० |
| | ख) खुद्रा बिक्रेता | ३००० | ५०० | २००० |
| ९ | बेकरी | १५०० | २५० | १००० |
| १० | माछा/मासु | १५०० | २५० | १००० |
| ११ | **कपडा, फेन्सी, कस्मेटीक र जुत्ता आदि :** | | | |
| | क) थोक बिक्रेता | २८०० | ५०० | २००० |
| | ख) खुद्रा बिक्रेता | १५०० | २५० | १००० |
| १२ | **सवारी साधनको व्यापार र मर्मत** | | | |
| | क) मोटर साइकल, स्कुटर, हाते टयाक्टर (पार्टस् समेत) | ३००० | ५०० | २००० |
| | ख) हल्का र हेभी (पार्टस् समेत) | १८०० | २५० | १००० |

| | | | | |
|---|---|---|---|---|
| १३ | परामर्श तथा अन्य व्यवसायीक सेवा ( घर नक्सा बनाउने तथा लेखा परीक्षण कानूनी लगायतका ब्यवसायिक सेवाहरु) | १५०० | ५०० | १००० |
| १४ | **निर्माण व्यवसाय** | | | |
| | क) घ वर्गको निर्माण व्यवसाय दर्ता | २०००० | २०००० | |
| | ख) आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र नविकरण गरेमा | | १०००० | |
| | ग) ३ महिना पछि नविकरण गरेमा | | २०००० | |
| | घ) एक पटक जिरी नगरपालिकाबाट घ बर्गको निर्माण व्यवसाय दर्ता वा नविकरण भई विगत आर्थिक वर्षदेखि नै व्यवसाय नविकरण नभएको हकमा प्रति आर्थिक वर्षको लागि निर्माण व्यवसाय नविकरण गरेवापत प्रति वर्ष | | २०००० | |
| | ङ) प्रतिवर्ष व्यवसाय कर वापत (अन्य स्थानीय तहबाट घ वर्गको निर्माण व्यवसाय प्रमाणपत्र प्राप्त गरी जिरी नगरपालिकामा दर्ता हुन चाहेको निर्माण व्यवसायीका हकमा प्रथम पटक व्यवसाय दर्ता कर लाग्ने, जिरी नगरपालिकाबाट इजाजत लिएकोमा पुन- व्यवसाय दर्ता कर नलाग्ने) | | | ३००० |
| १५ | उत्पादन मूलक उद्योग (कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गईरहेको माल सामानको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग) | ७००० | २५०० | २००० |
| १६ | **उर्जा मूलक उद्योग** | | | |
| | क) जलविद्युत आयोजना; ५०० किलोवाटसम्म | २०००० | १०००० | ५००० |
| | ख) जलविद्युत आयोजना; ५०१ किलोवाटदेखि १ मेगावाटसम्म | ३५००० | १५००० | १०००० |
| १७ | **वन्यजन्य उद्योग** | | | |
| | क) वन पैदावारमा आधारित उद्योग (अल्लो, नेपाली कागज, कपास, खोटो लगायत) | ७००० | २००० | २००० |
| | ख) स-मिल, रुख कटान व्यवसाय दर्ता | ७००० | १००० | ३००० |
| १८ | **आवास, मोटेल, होटेल, रेष्टुरा, रिसोर्ट आदि,** | | | |
| | क) ५ वटासम्म कोठा भएको | ३००० | ५०० | २००० |
| | ख) ५ वटा देखि १० वटासम्म कोठा भएका | ४००० | १००० | २५०० |
| | ग) सामान्य बास सहितको चिया खाजा होटल | ८०० | १५० | ५०० |
| १९ | **सेवा उद्योग** | | | |
| | क) छापाखाना | २००० | ५०० | १००० |
| | ख) सार्वजनिक परिवहन (यातायात व्यवसाय सञ्चालन तथा ढुवानी | २००० | ५०० | १००० |
| | ग) ब्यूटी पार्लर केश सिंगार डाई किलनर्स, सिलाई, शैलुन आदि | १५०० | २५० | १००० |
| | घ) डेरी उद्योग | १५०० | २५० | १००० |
| २० | **संचार सेवा** | | | |
| | क) मिडिया हाउस, रेडियो र एफ.एम. रेडियो | १२००० | ५००० | २००० |
| | ख) निजी क्षेत्रका टेलिफोन, फ्याक्स, फोटोकपी,STD ,ISTD इमेल, इन्टरनेट, पेजिङ, साइवर आदि | १५०० | २५० | ५०० |
| २१ | **वित्तिय सेवा (नेपाल सरकारको पुर्ण र अधिकांश स्वामित्व रहेको बाहेक)** | | | |

जिरी नगरपालिका, दोलखा

| | | | | |
|---|---|---|---|---|
| | क) वाणिज्य बैंक | २२००० | ५००० | १०००० |
| | ख) विकास बैंक | १५००० | ३००० | ५००० |
| | ग) वित्तिय कम्पनी | १५००० | ३००० | ५००० |
| | घ) वीमा कम्पनी | १५००० | ३००० | ५००० |
| | ङ) लघुवित्त कम्पनी | १०००० | ३००० | ५००० |
| | छ) अन्य वित्तिय कारोबार गर्ने संघ / संस्था | ७००० | २००० | ३००० |
| २२ | **स्वास्थ्य सेवा** | | | |
| | क) निजी क्षेत्रको अस्पताल / नर्सिङ्ग होम | | | |
| | ख) पोली क्लिनिक | | | |
| | ग) क्लिनिक (डेन्टल क्लिनिक समेत) | ३००० | ५०० | २००० |
| | घ) औषधी पसल | ३००० | ५०० | २००० |
| २३ | **शिक्षा सेवा** | | | |
| | क) नीजि विद्यालय (सरकारी बाहेक) | ८००० | २००० | ३००० |
| २४ | **अन्य व्यवसाय** | | | |
| | क) साइन बोर्ड बनाउने, फ्लेक्स तयारी र पेन्टिङ्ग सेवा | १५०० | २०० | १००० |
| | ख) भाँडाकँडा बिक्रेता | ३००० | ५०० | २००० |
| | ग) मिल / कुटानी पिसानी | ८०० | १५० | ५०० |
| | ग) ग्रील उद्योग कारखाना | ७५०० | १२५० | ५००० |
| | घ) कृषीसँग सम्बन्धित ब्यवसाय पसल (डेरी लगायत संचालन दर्ता) | १५०० | २५० | ५०० |
| | ङ) अन्य व्यवसाय (ट्युसन सेन्टर लगायत) | २००० | २५० | २५० |
| | च) शैलुन तथा पार्लर | १००० | २५० | २५० |
| | छ) माछा पसल | १००० | २५० | २५० |
| २५ | **स्टेस्नरी** | | | |
| | क) थोक | ३००० | ५०० | २००० |
| | ख) खुद्रा | १५०० | २५० | १००० |
| २६ | कवाडि पसल / सङ्कलन | २००० | ५०० | १००० |
| २७ | पशु औषधी पसल तथा पशु उपचार | १५०० | २५० | ५०० |
| २८ | कृषि तथा पशुपाला व्यवसाय : | | | |
| | क) रु. १ देखि तीन लाखसम्म पुँजी | १००० | २०० | ५०० |
| | ख) रु. तीन लाख १ देखि दश लाखसम्म पुँजी | १४०० | ३०० | ७०० |
| | ग) दश लाखभन्दा माथि पुँजी | १८०० | ७०० | ८०० |
| २९ | सहकारी संस्था / बचत तथा ऋण | | | |
| | अ) रु १ देखि रु १ करोड सम्म | ५००० | १००० | १००० |
| | आ) रु १ करोड देखि ५ करोड सम्म | ५००० | १००० | २००० |
| | इ) रु ५ करोड देखि ५० करोड सम्म | ५००० | १००० | ३००० |
| | ई) रु ५० करोड माथि | ८००० | १००० | ५००० |
| | ख) कृषि सहकारी | १००० | २५० | २५० |
| | ग) बहुउदेश्यीय सहकारी | ५००० | १००० | २५०० |
| | घ अन्य | ५००० | १००० | १००० |
| ३० | एउटै व्यक्तिले डिलर, थोक र खुद्रा व्यवसाय सञ्चालन गरेमा डिलरको र थोक र खुद्रा व्यवसाय सञ्चालन गरेमा थोक व्यवसायको कर लाग्ने छ। | | | |
| ३१ | एउटै व्यवसायबाट एक भन्दा बढी वस्तु तथा सेवाको कारोबार गरेमा जुन वस्तु वा सेवाको व्यवासाय कर बढी छ सोही कर असुल गर्नुपर्ने छ। | | | |
| ३२ | **मेला महोत्सवमा सहाभागिलाई कर** | | | |
| | कृषि मेला | ५०० | | |
| | मेला महोत्सव | १०००० | | |

| | | | | |
|---|---|---|---|---|
| ३३ | **अन्य संघ संस्था तथा नविकरण** | १७०० | २५० | २५० |

## ख. व्यवसाय नविकरणमा विलम्ब शुल्क

| क्र सं | वर्ष | विलम्ब शुल्क (प्रतिशत) |
|---|---|---|
| १ | पहिलो वर्ष | ५% |
| २ | दोस्रो वर्ष | १०% |
| ३ | तेस्रो वर्ष | १५% |
| ४ | चौथो वर्ष | २०% |
| **५** | **पाँचौं वर्ष** | **२५%** |

## अनुसूची(४)
## (ऐनको दफा ६ सँग सम्बन्धित)
## जडिबुटी, कवाडी, जीवजन्तु करको दर

### १. जडिबुटी, वनकस

| क्र.स | व्यवसायिक कारोबारको विवरण | इकाई (प्रति केजी) करको दर रु. |
|---|---|---|
| १ | सुनपाती | १.५० ।- |
| २ | मजिटो | १.५० ।- |
| ३ | ओखरफलको बोक्रा | १.५० ।- |
| ४ | चिराइतो | ५ ।- |
| ५ | चुत्रोको बोक्रा | ०.५ ।- |
| ६ | अल्लो | १.२५ ।- |
| ७ | झ्याउ | ५ ।- |
| ८ | अर्गेली | २.५० ।- |
| ९ | लोक्ता | ५.५० ।- |
| १० | ठिंग्रे सल्लाको सिम्टा | २० ।- |
| ११ | धसिंगरे तेल | २० ।- |
| १२ | तेजपात | ०.१५ ।- |
| १३ | गौव्रे सल्लको सिम्टा खोल्मे | ०.२५ ।- |
| १४ | गोव्रे सल्लाको पातको तेल | ३० ।- |
| १५ | धुपीपात | १.५० ।- |
| १६ | सुनपाती तेल | ५५ ।- |
| १७ | साधारण च्याउ | २.५० ।- |
| १८ | नेपाली कागज | ६ ।- |
| १९ | सल्लो/उत्तीस र अन्य बरामदी काठ (गोलीया) | ५ ।- |
| २० | सल्लो/उत्तीस र अन्य बरामदी काठ (चिरान) | ५.५ ।- |
| २१ | दाउरा (ट्याक्टर) | २०० ।- |
| २२ | दाउरा (मिनीट्रक) | २५० ।- |
| २३ | दाउरा (ट्रक)) | ४०० ।- |
| २४ | काठको भुस (ट्याक्टर) | २५ ।- |
| २५ | काठको भुस (मिनीट्रक) | ५० ।- |
| २६ | काठको भुस (भ्यान / ट्रक) | १०० ।- |
| २७ | निगालो | ०.५० ।- |
| २८ | लोठसल्लाको पात | ५ ।- |

| | | |
|---|---|---|
| **२९** | यार्सागुम्वा | ५००० ।- |
| **३०** | चुत्रो जरा | ०.५० ।- |

| **क्र.स** | **व्यवसायिक कारोबारको विवरण** | **इकाई (प्रति गोटा) करको दर रु.** |
|---|---|---|
| **१** | बाँस | ५ ।- |

२. कृषि निकासि कर

| **क्र स** | **व्यवसायिक कारोबार विवरण** | **इकाई (प्रति के.जी) करको दर रु.** |
|---|---|---|
| १ | आलु | ०.२५ ।- |
| २ | किवी | ०.२५ ।- |

३.जिवजन्तुको निकासि कर

| **क्र स** | **व्यवसायिक कारोबार विवरण** | **इकाई (प्रति गोटो) करको दर रु.** |
|---|---|---|
| १ | खसी,बोका | ५० ।- |
| २ | राँगा,भैंसी | १०० ।- |
| ३ | बंगुर | १०० ।- |

| **क्र स** | **व्यवसायिक कारोबार विवरण** | **इकाई (प्रति के.जी) करको दर रु.** |
|---|---|---|
| १ | हड्डी | २ ।- |

**ग. सबै प्रकारका कवाडी सामान संकलन गरि लैजाने व्यक्ति फर्म वा कम्पनिलाई लाग्ने करः**

| क्र.सं. | विवरण | इकाई (प्रति ट्रिप) करको दर रु |
|---|---|---|
| १ | ट्याक्टर, पिकप भेन | ७००।- |
| २ | मिनीट्रक | १०००।- |
| ३ | ट्रक | १५००।- |
| ४ | ठुलो ट्रक | २०००।- |

**अनुसूची (५)**
**(ऐनको दफा ७संग सम्बन्धित)**
**विज्ञापन करको दर**

| **क्र.म.** | **विज्ञापन गरिएको सामग्रीको किसिम** | **करको दर रु.** |
|---|---|---|
| १ | होर्डिङ बोर्ड, वाल बोर्ड, हाईवे बोर्ड, पोल बोर्ड प्रर्ति वर्ग फिट | १००।- |
| २ | ग्लो साइन बोर्ड २.० बोर्ड, ३.० बोर्ड, लाइट होर्डिङ बोर्ड, डिपिएस बोर्ड प्रर्ति वर्ग फिट | १५० ।- |
| | फलेन्जर, स्टिकर, पोस्टर प्रति फिट रु | ५०० ।- |
| ३ | वाल पेन्टिङ्ग, भित्ते लेखन प्रति वर्ग फिट | २५ ।- |

| | | |
|---|---|---|
| ४ | गेट बोर्ड प्रति वर्ग फिट | २०० ।- |
| ५ | रिक्सा माईकिङ्क प्रति दिन | १८०० ।- |
| ६ | **सुर्ति तथा मदिरा जन्य पर्दार्थमा माथि उलेखित दररेटमा २५५ थप कर लाग्ने छ ।** | |

## अनुसूची (६)
## (ऐनको दफा ८ को उपदफा २ संग सम्बन्धित)
## बहाल विरौटी शुल्कको दर

| क्र.सं. | विवरण | वहाल विटौरी शुल्कको दर |
|---|---|---|
| १ | काठको टहरा | नगरकार्यपालिकाले तोके बमोजिम |
| २ | हाट बजार पसल | नगरकार्यपालिकाले तोके बमोजिम |
| ३ | घुम्ती टहरा | प्रति वर्ग मिटर |
| | क) समुह<br>ख) समुह<br>ग) समुह | रु ५०।-<br>रु ३०।-<br>रु २०।- |

**नगरपालिकाको स्वामित्वमा रहेको जग्गामा व्यक्तिले बनाएको संरचना वा न.पा. आपैले निर्माण गरेको व्यापारिक भवन ठेक्कामा लगाउन सकिनेछ, यस्तो संरचनामा लाग्ने मासिक शुल्क ठेक्का सम्झौतानुसार हुनेछ ।**

## अनुसूची (७)
## (ऐनको दफा ९ को उपदफा ४ सँग सम्बन्धित)
## सेवा, शुल्क, दस्तुर

### १. आयश्रोत मुल्याङकन सिफारिस शुल्क

| सि.नं. | विवरण | मुल्याङ्कन सेवा शुल्क दर | कैफियत |
|---|---|---|---|
| १ | आयश्रोतको कुल रकमको आधारमा | ०.२% | |

**नोट : बैदेशिक अध्ययन प्रयोजनको लागि आयश्रोत प्रमाणित गर्न माग भै आएमा उक्त प्रयोजनको लागि मुल्यांकन गरिने आयश्रोत जे जति भएपनि मुल्यांकन दस्तुर २० हजार भन्दा बढि लिईने छैन । वार्षिक रुपमा सोहि प्रयोजनको लागि एउटै प्रकृतिको भएमा एक पटक मात्र दस्तुर लिइने छ ।**

### २. सम्पत्ती मूल्याँकन सिफारिस शुल्क

क सम्पत्ती मूल्याँकन सिफारिस शुल्क प्रति हजार १ रुपैयाका दरले लिईने छ

ख. घर जग्गाको मुल्याङकन सम्पत्तिकर प्रयोजनको लागि पेश गरे बमोजिम गरिने छ ।

ग. भौतिक सरचनाको मुल्याङकन वा सिफारिस सम्बन्धमा नक्सा पास प्रमाण पत्र वा नक्सा पास दस्तुर बुझाएको निस्सा अनिवार्य पेश गर्नुपर्नेछ ।

### ३. अमिन सेवा शुल्क:

| सि.नं. | विवरण | दस्तुर रु. |
|---|---|---|
| १ | प्रति कित्ता १ रोपनीसम्म | १०००।- |
| २ | प्रति कित्ता १ रोपनी देखि ५ रोपनि सम्म | २०००।- |
| ३ | प्रति कित्ता ५ रोपनि भन्दा माथि | ४०००।- |
| ४ | प्रति थप कित्ता १ रोपनि सम्म | ५००।- |
| ५ | प्रति थप कित्ता १ रोपनी देखि ५ रोपनि सम्म | १०००।- |
| ६ | प्रति थप कित्ता ५ रोपनि भन्दा माथि | २०००।- |

**नोट: सबै भन्दा ठुलो कित्ताको राजश्व तिरेपछि मात्र थप सानो कित्ताको राजश्व तिर्नुपर्ने छ।**

- **घर अभिलेखीकरणमा अमिन सेवा शुल्क प्रति घर रु २०००।**

**४. पशु प्रविधिक सेवा शुल्क:**

| सि.नं. | विवरण | | दस्तुर रु |
|---|---|---|---|
| १ | किस्टोकिया | बाख्रा | ५०० ।- |
| | | सुंगुर | १००० ।- |
| | | गाई, भौंसी | १५०० ।- |
| १ | प्रोल्याप्स | बाख्रा | ५०० ।- |
| | | सुंगुर | १००० ।- |
| | | गाई, भौंसी | १५०० ।- |
| १ | माईनर सेजन | बाख्रा | ३०० ।- |
| | | सुंगुर | ४०० ।- |
| | | गाई, भौंसी | ५०० ।- |
| १ | रिटेन अफ फ्लासेनटा | बाख्रा | ५०० ।- |
| | | सुंगुर | १००० ।- |
| | | गाई, भौंसी | १५०० ।- |
| १ | मिल्क फिवर | - | १५०० ।- |
| १ | कृतिम गर्भाधन | - | १००० ।- |

**५. पशु ल्याब टेस्ट शुल्क**

| सि.नं. | विवरण | दस्तुर रु. |
|---|---|---|
| १ | गोवर परिक्षण | १५ ।- |
| २ | थुनेलो परिक्षण | २५ ।- |

## ६. राष्टिय परिचय पत्र तथा व्यक्तिगत घटना दर्तासम्बन्धी दस्तुर :

| सि.नं. | विवरण | दस्तुर रु |
|---|---|---|
| **१** | घटना दर्ता (३५ दिन भित्र) | **निशुल्क** |
| **२** | घटना दर्ता (३५ दिन पछि) | २०० ।- |
| **३** | व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको प्रतिलिपी दस्तुर | ५०० ।- |
| **४** | व्यक्तिगत घटना दर्ता किताबबाट अभिलेख उतार | २०० ।- |
| **५** | राष्टिय परिचय पत्रको विलम्व दस्तुर | २०० ।- |
| **६** | राष्टिय परिचय पत्रको प्रतिलिपी दस्तुर | ५०० ।- |

## ७. सिफारिस दस्तुर :–

| क्र.सं. | विवरण | सिफारिस दस्तुर रु. |
|---|---|---|
| १ | **नागरिकता** | |
| | नागरिकता सिफारिस | १००।- |
| | नागरिकता प्रतिलिपि सिफारिश | २०० ।- |
| | अङ्गिकृत नागरिकता सिफारिश | १००० ।- |
| २ | सबै प्रकारका सिफारिश अंग्रेजी माध्यामबाट | ५०० ।- |
| ३ | अन्य मुलुक जाने सिफारिस | १००० ।- |
| ४ | नामथर/जन्ममिति फरक–फरक वा संशोधन आदि सिफारिस | १०० ।- |
| ५ | विद्युत तथा धारा जडान सिफारिस | २०० ।- |
| ६ | विद्युत/धारा नामसारी सिफारिस | २०० ।- |
| ७ | २५ कि.वा क्षमता सम्मको विद्युत लाइन जडान | १००० ।- |

| | | |
|---|---|---|
| ८ | ५० कि.वा क्षमता सम्मको विद्युत जाइन जडान | २००० ।- |
| ९ | १०० कि.वा क्षमता सम्मको विद्युत जाइन जडान | ३००० ।- |
| १० | ब्यवसाय दर्ता सिफारिस | |
| | क) रु १ देखि ५ लाख सम्मको पुँजि भएको | ५०० ।- |
| | ख) रु ५ लाख देखि १० लाख सम्मको पुँजि भएको | १००० ।- |
| | ग)रु १० लाख देखि २० लाख सम्मको | १५०० ।- |
| | घ) व्यवसाय ठाउँसारी / नामसारी सिफारिश | ३०० ।- |
| | ङ) ब्यापार ब्यवसाय नभएको/संचालन नभएको सिफारिश | २०० ।- |
| ११ | उद्योग दर्ता | |
| | क) १० हर्ष पावर सम्मको | १००० ।- |
| | ख) १०–२० हर्ष पावर सम्मको | १५०० ।- |
| | ग) २०–५० हर्ष पावर सम्मको | २००० ।- |
| | घ) ५० हर्ष पावर भन्दा माथिको | ३००० ।- |
| | ङ) उद्योग ठाउँसारी / नामसारी | १००० ।- |
| १२ | चौपाया सम्बन्धि सिफारिश | २०० ।- |
| १३ | ब्यक्तिगत विवरण सिफारिश | २०० ।- |
| १४ | संरक्षक (ब्यक्तिगत / संस्थागत) सिफारिश | २०० ।- |
| १५ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिश (साविकको बाटोमा) | ५०० ।- |
| १६ | नक्सापास नामसारी सिफारिस नक्सापास रकमको २० प्रतिशत | |
| १७ | पक्की घर निर्माणको लागि काठपात ल्याउने सिफारिस | १००० ।- |
| १८ | कच्ची घर बनाउनको लागि काठपात ल्याउने सिफारिस | ५०० ।- |
| १९ | संस्था दर्ता सिफारिश | ५०० ।- |
| | सहकारी संस्था दर्ता सिफारिस | १००० ।- |
| २० | विद्यालय / शिक्षा सम्बन्धि | |
| | विद्यालय सञ्चालन स्वीकृति | १०००० ।- |
| | व्यवसायिक तथा प्राविधिक तालिम केन्द्र सञ्चालन | १०००० ।- |
| | कक्षा वृद्धि सिफारिस निजी | ३००० ।- |
| | कोचिङ / ट्युसन कक्षा सञ्चालन | २००० ।- |
| | विद्यालय ठाउँसारी | १००० ।- |
| २१ | दलित जनजाती सिफारिश | १०० ।- |
| २२ | निशुल्क स्वास्थ्य उपचार / अपाङ्ग सिफारिश | निशुल्क |
| २३ | जिवित रहेको सिफारिश | २०० ।- |
| २४ | चारित्रिक सिफारिश / छात्रवृति सिफारिश | २०० ।- |
| २५ | जग्गा धनिदर्ता प्रमाण–पूर्जाको प्रतिलिपि सिफारिश,पुर्जामा घर कायम गर्ने सिफारिश | २०० ।- |
| २६ | घर / कोठा खोल्ने | ५०० ।- |
| २७ | उजुरी मिलापत्र लिखित जवाफ दायरी | ५० ।- |
| २८ | रुख कटान प्रतिगोटा | ५० ।- |
| २९ | जन्म मिति, विवाह, घरपाताल, कागज मञ्जुरीनामा, हकवालाका हकदार, अविवाहित, प्रमाणित | २०० ।- |
| ३० | जग्गा सम्बन्धि सिफारिस | |
| | घरबाटो प्रमाणित प्रतिकित्ता | |
| | घर अन्तिम निरीक्षण सिफारिस (पुनःनिर्माण) | ५०० ।- |
| ३१ | लामुसाँघु जिरी सडकसँग जोडिएका जग्गा अंसबन्डा / बेचविखन भएमा | ५००/१००० ।- |
| ३२ | कच्ची ग्रावेल जिल्ला सडकसँग जोडिएका जग्गा अंसबन्डा / बेचविखन भएमा | ४००/५०० ।- |
| ३३ | ग्रामिण सडकसँग जोडिएका जग्गा तथा अन्य जग्गाहरु अंसबन्डा / बेचविखन भएमा | २००/३०० ।- |
| ३४ | चार किल्ला प्रमाणित | |

| | | |
|---|---|---|
| | क) वित्तिय कारोबार प्रति कित्ता (नोटः एकै मितिमा सिफारिस दिनु परेमा मुल सडक बाहेक भित्री सहायक सडकसँग जोडिएका वा अन्य थप जग्गाको हकमा थप प्रति कित्ता रु.३००।–) | ५००।- |
| | ख) अन्य प्रयोजनको लागि | ३०० ।- |
| ३५ | जग्गा सम्बन्धी सिफारिस | |
| | जग्गा नामसारी सिफारिस | ५०० ।- |
| | छुट्ट जग्गा नामसारी / दर्ता सिफारिश | ५०० ।- |
| | सर्जमिन सहित जग्गा नामसारी / दर्ता सिफारिश | १००० ।- |
| | जग्गा धनि प्रतिलिपि सिफारिस | २०० ।- |
| | जग्गाधनी प्रमाण पुर्जामा फोटो टाँस सिफारिस | २०० ।- |
| ४० | हकबन्दी फुकुवा | २००० ।- |
| ४१ | स्थलगत सर्जमिन सबै | २०० ।- |
| ४२ | हकदार सिफारिस | २०० ।- |
| ४३ | तिन पुस्ते सिफारिस | २०० ।- |
| ४२ | नाता प्रमाणित | २०० ।- |
| ४३ | कृषि फर्म दर्ता | ५०० ।- |
| ४४ | खानेपानी मुहान दर्ता सिफारिस | १००० ।- |
| ४५ | खानेपानी / सिंचाई नविकरण | ५०० ।- |
| ४६ | योजना तथा आयोजनाहरु दातृ नियकायहरुसँग माग सिफारिस | १००० ।- |
| ४७ | लघ्यु जलविद्युत आयोजना १ मेघावट भन्दा कमको सर्वेक्षण अनुमति सिफारिस | ५००० ।- |
| | लघ्यु जलविद्युत आयोजना १ मेघावट भन्दा माथि १० मेघावाट सम्मको सर्वेक्षण अनुमति सिफारिस | १०००० ।- |
| | जलविद्युत आयोजना १० मेघावट भन्दा माथि सर्वेक्षण अनुमति सिफारिस | ५०००० ।- |
| ४८ | टेण्डर फाराम / दरभाउ पत्र विक्री | सूचनामा तोके अनुसार |
| ४९ | नाबालक परिचय पत्र प्रमाणीत सिफारिस | २०० ।- |
| ५० | अन्य सिफारिस शुल्क | १५० ।- |
| ५१ | **विद्युत संचालन** | |
| | क) ० मेगावाट देखि १ मेगावट सम्म | ५००० ।- |
| | ख) १ मेगावाट देखि १० मेगावट सम्म | २५००० ।- |
| | ग) १० मेगावाट भन्दा माथि | ५०००० ।- |
| **५२** | सूचीदर्ता | ५००।- |
| **५३** | मञ्जुरी नामा | १५० ।- |
| **५४** | व्यावसाय मेला/महोत्सव | १००० ।- |
| **५५** | स्टेज भाडा | ६००० ।- |
| **५६** | मञ्जुरी नामा | १५० ।- |
| **५७** | व्यावसाय मेला/महोत्सव | १००० ।- |
| **५८** | स्टेज भाडा | ६००० ।- |

## ८. फोहरमैला व्यवस्थापन सेवा शुल्क (मासिक) निम्नानुसार लगाईने छ:

| क्र.स. | विवरण | सेवा शुल्क दर रू. |
|---|---|---|
| १ | आवासीय घर पक्की | २००।- |
| | आवसीय घर कच्ची | ५० ।- |
| २ | व्यवसायिक घर कच्ची | ५०।- |
| | क) थप प्रति पसल / सटर | ५० ।- |
| | व्यवसायिक घर पक्की | २०० ।- |
| | क) सामान्य (किनारा,लुगा, औषधी तथा अन्य) पसल | ५० ।- |
| | ख) सामान्य प्रकृतिका चिया खाजा घर | १०० ।- |
| | पसल भए प्रति पसल थप | १०० ।- |

| | | |
|---|---|---|
| | सामान्य प्रकृतिका होटल, रेष्टुरेन्ट थप | १५० ।- |
| | ठुला प्रकृतिका होटल लज | ४०० ।- |
| ४ | हस्पिटल | १५०० ।- |
| ५ | अन्य संघ संस्था | ५०० ।- |
| ६ | निजी विद्यालय | १००० ।- |
| ७ | मेला, महोत्सव लगायतका कार्यक्रम (एक पटकको) | २००० ।- |
| ८ | उद्योगहरु तथा बधशाला | ५०० ।- |
| ९ | निर्माणाधिन भवन (एकमुष्ठ) | ५०० ।- |
| १० | बसपार्कमा पार्किङ्ग गर्ने सार्वजनिक बस तथा माइक्रोबसलाई (दैनिक) | १० ।- |

### ९. खानेपानीको मुहान दर्ता

| क्र.स. | विवरण | सेवा शुल्क दर रु. |
|---|---|---|
| | खानेपानी मुहान दर्ता शुल्क | १०००।- |
| | | |

### १०. उपभोक्ता समिति दर्ता÷नविकरण

| क्र.स. | विवरण | सेवा शुल्क दर रु. |
|---|---|---|
| | उपभोक्ता समिति दर्ता | १०००।- |
| | उपभोक्ता समिति दर्ता नविकरण | ५००।- |

**नोटः नगरपालिका बाहेक अन्य प्रयोजनको लागि।**

### ११. समूह दर्ता / नविकरण

| क्र.स. | विवरण | सेवा शुल्क दर रु. |
|---|---|---|
| | समूह दर्ता | १०००।- |
| | समूह दर्ता नविकरण | ५००।- |

## अनुसूची (८)
## दफा १० को उपदफा (३) सँग सम्बन्धित)
## विक्री शुल्क दर

| क्र.स. | विक्री हुने बस्तु | सेवा शुल्क दर रु. |
|---|---|---|
| **१** | **प्राकृतिक एवं खानीजन्य वस्तुहरुको विक्री प्रति घनफीट :** | |
| | क) ढुंगा | ९ ।- |
| | ख) गिट्टी | ९।- |
| | ग) बालुवा | ९ ।- |
| | घ) माटो | ।५० पैसा |
| | ङ) काठ | |
| | १) चिरान | ३।५० पैसा |
| | २) गोलिया | ३।- |
| | च) माछा (प्रति के.जी) | ।५० पैसा |

## अनुसूची (९)
## (ऐनको दफा ११ सँग सम्बन्धित)

## १. नक्सापा अभिलेखिकरण दस्तुर

### (क) आवासिय भवन

| सि.नं. | भवनको प्रकार | वेसमेन्ट तलाप्रति वर्ग फिट रु. | भूई तल्ला (प्रति वर्ग फिट) रु | पहिलो तल्ला (प्रति वर्ग फिट) रु | दोश्रो तला (प्रति वर्ग फिट) रु | तेस्रो तला र सो भन्दा माथि (प्रति वर्ग फिट) रु |
|---|---|---|---|---|---|---|
| १ | आर.सि.सि. पिल्लर भएको। | ४।- | ५।- | ६।- | ७।- | ८।- |
| २ | ढुङ्गा वा इंट्टा वा ब्लकमा सिमेन्ट बालुवाको गारो – आर. सि. सि. को छाना भएको। | - | ४।- | ५।- | ६।- | - |
| ३ | सिमेन्टको जोडाइमा ढुङ्गा वा इंट्टा वा ब्लकको गारो – जस्ता वा टाएलको छाना भएको। | - | ३।- | ४।- | - | -- |
| ४ | माटोको जोडाईमा ढुङ्गाको गाह्रो जस्ताको छाना भएका | - | २।- | - | - | - |
| ५ | पटाहाको घेराबेरा लगाएतका कच्ची भवन। | - | १।- | १।- | - | - |

### (ख) व्यापारिक भवन

| सि.नं. | भवनको प्रकार | वेसमेन्ट तलाप्रति वर्ग फिट रु. | भूई तल्ला (प्रति वर्ग फिट) रु | पहिलो तल्ला (प्रति वर्ग फिट) रु | दोश्रो तला (प्रति वर्ग फिट) रु | तेस्रो तला र सो भन्दा माथि (प्रति वर्ग फिट) रु |
|---|---|---|---|---|---|---|
| १ | आर.सि.सि. पिल्लर भएको। | ६।- | ७।- | ८।- | ९।- | १०।- |
| २ | ढुङ्गा वा इंट्टा वा ब्लकमा सिमेन्ट बालुवाको गारो – आर. सि. सि. को छाना भएको। | - | ६।- | ७।- | ८।- | - |
| ३ | सिमेन्टको जोडाइमा ढुङ्गा वा इंट्टा वा ब्लकको गारो – जस्ता वा टाएलको छाना भएको। | - | ४।- | ५।- | - | - |

**नोटः मठ-मन्दिर, गुम्बा, मदरसा, चर्च लगायतका धार्मिक संरचना र भुकम्प पिडित भई रातो कार्ड प्राप्त ब्यक्तिले पहिलो पटक निर्माण गर्ने भवनको नक्सा पास गर्दा कुनै प्रकारको शुल्क÷दस्तुर लिइने छैन।**

### (ग)१. दण्ड जरिवाना

**नक्सा पास विना भबन निर्माण गरेमा निज उपर देहायबमोजिम दण्डजरिवाना लाग्ने छ, तर मापदण्ड बिपरित बनेको÷ बन्ने घरहरुको हकमा नक्सा पास हुने छैन।**

| सि.नं. | विवरण | लाग्ने जरिवानाका दरले हुन आउने रकम रु. |
|---|---|---|
| १ | जगको कार्य सम्पन्न | नक्सापास दस्तुरको २५% |
| २ | डि.पि.सि.को कार्य सम्पन्न | नक्सापास दस्तुरको ३५% |
| ३ | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ३५% |
| ४ | ढलानको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५% |
| ५ | निर्माण कार्य सम्पन्न | नक्सापास दस्तुरको १००% |

**नोटः– उल्लेखित जरिवाना निर्माण भएको तल्लाको आधारमा लिइनेछ।**

### (ग)२. भवन तला थपमा

| सि.नं. | विवरण | दस्तुरका दरले हुन आउने रकम रु. |
|---|---|---|
| १ | गाह्रो लगाउने कार्य | नक्सापास दस्तुरको ५०% |
| २ | पहिलो ढलानको कार्य | नक्सापास दस्तुरको ७५% |
| ३ | दोस्रो ढलानको कार्य | नक्सापास दस्तुरको १००% |

**पुनश्च : माथि उल्लेख भएको कर तथा गैर कर राजश्व थप घट गर्नु परे तथा उल्लेख नभएको हकमा राजश्व परापर्श समितिको सिफारिसमा नगर कार्यपालिकाको बैठकबाट निर्णय गरी कर तथा दस्तुर निर्धारण गरिने छ।**

जिरी नगरपालिका, दोलखा